आज मिति २०७६ साल माघ ६ गतेका दिन गैरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह कै.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री जमान सिंह कै.सी. | अध्यक्ष |
| श्री हिम कुमारी थरुनी | सदस्य |
| श्री दयाराम वैद्य थारु | सदस्य |
| श्री अशोक कुमार थारु | " |
| श्री पुनाराम थारु | " |
| श्री बल बहादुर चलाउने | " |
| श्री धर्म प्रकाश थारु | " |
| श्री टेक बहादुर चौधरी | " |
| श्री राजु बडुवाल खत्री | " |
| श्री मोहिना शर्मा पाँडेल | " |
| श्री शान्ति चौधरी | " |
| श्री चन्द्रकुपा कामी | " |
| श्री लक्ष्मण बहादुर नेपाली | " |
| श्री धन बहादुर विक | " |
| श्री काशी प्रसाद पंगेनी | सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री प्रकाश शर्मा | सूचना प्रविधि अधिकृत |
| श्री कुन नारायण चौधरी | ना.सु. |

निर्णय हरु

निर्णय नं. १:

यस गैरुवा गाउँपालिकाको आ.व. ०७६/७७ मा भए गरेका काम कारवाही तथा सेवा प्रवाहको विषयमा सार्वजनिक गर्न मिति २०७६ सालको माघ महिनाको अन्तिम सातामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. २ :

गैडुवा गाउँपालिकाको चालु आ.व. ०७६/७७ को हिउँदे अधिवेशन तथा यस गाउँपालिकाको ७ औं गाउँसभा यहि मिति २०७६ सालको फागुन महिनाको दोस्रो हप्तामा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ बमोजिमको प्रक्रिया पुरा भई आएका तपशिल बमोजिमका निर्माण व्यवसायिहरुलाई इजाजतपत्र दिने निर्णय गरियो ।

तपशिल

१. टी.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.

निर्णय नं. ४

यस कार्यपालिकाको बैठकबाट तपशिल बमोजिमका नीति तथा कार्यविधिमा छलफल गरी संशोधन सहित स्वीकृति गर्ने निर्णय गरियो ।

तपशिल

१. गैडुवा गाउँपालिका हेभी इक्युपमेन्ट संचालन सम्बन्धी कार्यविधि, २०७६
२. गैडुवा गाउँपालिकाको स्वास्थ्य नीति, २०७६
३. कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि २०७६

निर्णय नं. ५

यस गाउँपालिकाको सिमानामा पर्ने गैडुवा कनाटी नदीमा रहेको ढुंगा, गिटी, बालुवा उत्खनन कार्यका लागि आवश्यक वातावरण प्रभाव मुल्यांकन (IEE) गर्न बर्दिया राष्ट्रिय निकुन्ज संग सहकार्य गरी प्रक्रिया बढाउन पहल गर्ने निर्णय गरियो ।